नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
☎ ९७७-१-४२११५१६
९७७-१-४२११८८६
फ्याक्स ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौ

प.सं. ०७६।०७७
च.नं. ८४

मिति : २०७६/१२/११

विषय : सूचना ।

कोरोना भाइरस (COVID-19) को संभावित संक्रमणलाई मध्यनजर गरी नेपाल सरकारले संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी सो को रोकथाम र जोखिम न्यूनीकरण गर्न मिति २०७६ चैत्र ११ गते बिहान ६.०० बजेदेखि २०७६ चैत्र १८ गते बिहान ६.०० बजेसम्म हुने गरी आदेश जारी गरेको अवस्थामा यस मन्त्रालय र अन्तर्गतका विभागहरु, निकायहरु तथा कार्यालयहरु संचालन देहाय अनुसार गर्न गराउनुहुन अनुरोध छ ।

१. मन्त्रालयका सचिव तथा सहसचिवहरु मन्त्रालयमा दैनिक उपस्थित भई कामकाज गर्ने ।

२. उपसचिवसम्मका कर्मचारीहरु महाशाखा प्रमुखले तोके बमोजिम मन्त्रालयमा उपस्थित भई कामकाज गर्ने ।

३. मातहत विभागहरुमा विभागीय प्रमुख र राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीहरु उपस्थित भई कामकाज गर्ने तथा अन्य कर्मचारीहरुलाई कार्यालय संचालनमा बाधा नपर्ने गरी आलोपालो मिलाई कार्यालय संचालन गराउने ।

४. यस मन्त्रालयको जिम्मेवारीमा रहेको जल तथा मौसम विज्ञान विभाग तथा नेपाल विद्युत प्राधिकरणबाट संचालन हुने अत्यावश्यक सेवाहरु यथावत रुपमा नियमित संचालन गर्ने ।

५. मन्त्रालय अन्तर्गतका कम्पनिहरु लगायत सबै कार्यालयका कार्यालय प्रमुखले कार्यालय संचालनमा बाधा नपर्ने गरी कर्मचारीको आलोपालो मिलाई कार्यालय संचालन गराउने ।

६. कार्यालय संचालन गर्दा आवश्यक सुरक्षा सतर्कता अपनाउने ।

७. कार्यालय संचालनको लागि आवश्यक पर्ने सवारी पास सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने ।

८. कार्यालयमा उपस्थित नरहेका मन्त्रालय र अन्तर्गतका सबै कर्मचारीहरुले आफ्नो मोबाईल फोन स्वीच अफ नगर्ने र आवश्यक परेको खण्डमा कार्यालयमा उपस्थित हुने ।

सचिव